प्रदेश सरकार

लुम्बिनी प्रदेश

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

E-mail: cmedu.sudhar2078@gmail.com

## (मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाई)

## राप्ती उपत्यका देउखुरी ,दाङ

पत्र संख्या २०७९/०८०

चलानी नं. ९३

लुम्बिनी प्रदेश मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाई राप्ती उपत्यका देउखुरी दाङ

मिति: २०७९/०६/०२

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,

सबै स्थानीय तहहरु (१०९ वटा)

लुम्बिनी प्रदेश नेपाल।

विषय : कार्यक्रम पहिचान तथा छनौट सम्बन्धमा ।

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकारबाट प्रत्येक स्थानीय तहलाइ विशेष अनुदान मार्फत हस्तान्तरण गरिएको चालु आ. व. २०७९/०८० को मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमको बजेट कार्यान्वयन गर्ने निर्देशक समितिको मिति २०७९.५.३१ गतेको बैठकले गरेको निर्णयअनुसार तपसिलमा उल्लेखित बजेट बाँडफाँटको सीमा भित्र रहि कार्यविधिको दफा ६ अनुसूची १ बमोजिम योजना तथा परियोजनाहरु छनौट गरी प्रत्येक स्थानीय तहहरुले असोज मसान्त भित्र अनिवार्य रुपमा जिल्ला कार्यक्रम समन्वयकर्ता मार्फत मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाई राप्ती उपत्यका देउखुरी दाङमा पठाउन यो पत्र पठाइएको व्यहोरा अनुरोध छ।

तपसिल:

| क्र.स | स्थानीय तह | पूजीगत तर्फ कुल बजेटको ६० प्रतिशत | चालुतर्फ कुल बजेटको ४० प्रतिशत | | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | चालु कार्यक्रम क्षमता विकास | प्रशासनिक खर्च | | |
| १ | गाउँपालिका | ३६०००००(छत्तिस लाख रुपैयाँ) | २२०००००(बाइस लाख रुपैयाँ) | २०००००(दुइ लाख रुपैयाँ) | ६००००००(साठी लाख रुपैयाँ) | |
| २ | नगरपालिका | ४२०००००(बयालिस लाख रुपैयाँ) | २५५००००(पच्चिस लाख पचास हजार रुपैयाँ) | २५००००(दुई लाख पचास हजार रुपैयाँ) | ७००००००(सत्तरी लाख रुपैयाँ) | |
| ३ | उप म. न. पा. | ४८०००००(अरचालिस लाख रुपैयाँ) | २९०००००(उन्तीस लाख रुपैयाँ) | ३०००००(तीन लाख रुपैयाँ) | ८००००००(असी लाख रुपैयाँ) | |

ग्रीस पुन

कार्यक्रम निर्देशक

ग्रीस पुन

कार्यक्रम निर्देशक

बोधार्थ

१. जिल्ला समन्वयकर्ताहरु सबै १२ जिल्ला

## अनुसूची -१

दफा ६ सँग सम्बन्धित।

सञ्चालन गर्न सकिने क्षेत्रगत योजना/परियोजनाहरुको ढाँचा/

१.छनौट गर्नुपर्ने कार्यक्रमको क्षेत्र

| क्र.स. | पूजिगत कार्यक्रम | क्र. स. | चालु कार्यक्रम | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालयमा स्वच्छ स्वस्थ खानेपानीको सुविधा उपलब्ध हुने कार्यक्रम । | १ | विद्युतिय शैक्षिक व्यवस्थापन प्रणाली मार्फत अध्ययन अध्यापन का लागि सफ्टवेयर र जनशक्तिको क्षमता विकास समवन्धी कार्यक्रम । | |
| २ | विपदका कारणबाट विद्यालय पूर्वाधारमा भएका क्षतिको मर्मत सम्भार गर्ने कार्यक्रम । | २ | विद्यालयमा कम्प्युटर विज्ञान भाषा संगित तथा खेलकुद विषयको जनशक्ति उपलब्ध गर्ने कार्यक्रम । | |
| ३ | मनोरञ्जनपार्क school garden वा botanical garden निर्माण गर्ने कार्यक्रम । | ३ | विद्यालयमा अध्यापनरत जनशक्तिको क्षमता तथा सीप विकास सम्बन्धी कार्यक्रम । | |
| ४ | कम्प्यूटर तथा विज्ञान प्रयोगशाला निर्माण तथा मर्मत सम्भार गर्ने कार्यक्रम । | | | |
| ५ | चक डस्टर रहित कक्षाकोठा व्यवस्थापन साथै संगीत र खेलकुद सामाग्री उपलब्ध गर्ने कार्यक्रम । | | | |
| ६ | विद्युतीय अध्ययन अध्यापनका लागि आवश्यक डिजिटल उपकरणहरुको खरिद समबन्धी कार्यक्रम । | | | |

### २. कार्यक्रम छनौट सम्वन्धी केही मापदण्दहरु:

क. माथि उल्लेखित कार्यक्रम क्षेत्र बाहेकका अन्य कार्यक्रमहरु छनौट गर्न नहुने

ख. आन्तरिक स्रोत साधन न्यून भएका विद्यालयहरु

ग. सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी अध्ययन गर्न सम्भव भएका ( विद्युतीय माध्यमबाट अध्ययन अध्यापन) विद्यालयहरु

घ. भौतिक तथा वातावरणीय पूर्वाधारहरु कमजोर रहेका विद्यालयहरु

ङ. सरकारी तथा गैरसरकारी क्षेत्रबाट सोही विद्यालयको लागि बजेट विनियोजन नभएका विद्यालयहरु

च. अन्य निकाय वा स्रोतबाट जनशक्ति तालिम उपलब्ध हुने सम्भावना नभएका विद्यालयहरु

- उपरोक्त मापदन्डका आधारमा कार्यक्रमहरु छनौट गर्दा निर्धारण गरीएको कुल पूजिगत र चालु बजेटमा थप २० प्रतिशत बढी कार्यक्रमहरु छनौट गर्नुपर्ने छ ।
- चालु कार्यक्रमको क्रमसख्या २ को कार्यक्रम छनौट गर्दा कुल चालु बजेटको २० प्रतिशत रकममा नबढ्ने गरी कार्यक्रम छनौट गर्नुपर्ने छ ।
- कार्यक्रम छनौट गर्दा अमूर्त,अस्पष्ट ( जस्तै सबै वडा, सबै विद्यालय जस्ता ) तथ्याङ्क उल्लेख नगर्ने ।
- कार्यक्रम छनौट गरी पठाउँदा कार्यक्रम छनौट तथा सिफारिस समितिको निर्णय प्रतिलिपी अनिवार्य सलग्न गर्नुपर्नेछ ।

CamScanner